प्रदेश सरकार

प्रदेश नं. ५

# मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

बुटवल, नेपाल

( शासकिय सुधार तथा समन्वय महाशाखा )

प.सं. : ०७६/०७७

च.नं. : २२६

मिति :२०७६/११/०१

श्री प्रदेश मन्त्रालय (सवै) ।

श्री प्रदेश सभा सचिवालय ।

श्री मुख्यन्यायाधिवक्ताको कार्यालय ।

श्री प्रदेश लोक सेवा आयोग ।

श्री प्रदेश योजना आयोग ।

प्रदेश नं. ५, बुटवल ।

सामाजिक विकास मन्त्रालय
प्रदेश नं. ५, बुटवल
दर्ता नं. २६९६
दर्ता मिति ०७६।११।०४

बिषयः प्रदेश तथा स्थानिय तहमा अन्तराष्ट्रिय विकास सहायता परिचालन सम्वन्धी मापदण्ड २०७६ कार्यान्वयन सम्वन्धमा

प्रस्तुत विषयमा अर्थ मन्त्रालय अन्तराष्ट्रिय आर्थिक सहायता समन्वय महाशाखाको च. नं. २००५ मिति २०७६/१०/१९ र प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय प्रादेशिक समन्वय शाखाको च. नं. प्रा. स./४२१/४६५३ मिति २०७६/१०/२० गतेको प्राप्त पत्र अनुसार नेपाल सरकार मन्त्रिपरिषदको मिति २०७६/०९/१४ को बैठकबाट स्वीकृत प्रदेश तथा स्थानिय तहमा अन्तराष्ट्रिय विकास सहायता परिचालनसम्वन्धी मापदण्ड २०७६ को छाँयाप्रति पाना-१७ यसै साथ संलग्न गरी आवश्यक जानकारी तथा कार्यान्वयनका लागि पठाईएको व्यहोरा आदेशानुसार अनुरोध छ ।

भिम राज पोखेल
अधिकृत छैठौं

सादर अवगतार्थ

माननीय मुख्यमन्त्रीज्यू , प्रदेश नं. ५।

श्रीमान प्रमुख सचिवज्यू , प्रदेश नं. ५।

श्री योजना महाशाखा
मन्त्रालयको website मा upload गर्ने ।

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

दर्ता नं. ३४५७

मिति: ०७७।१०।२१

नेपाल सरकार

# प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

(प्रादेशिक समन्वय शाखा)

सिंहदरबार, काठमाडौं

नेपाल।

पत्र संख्या :- २०७६/७७

च.नं. :- प्रा.स./४२१/४६४३

मिति : २०७६।१०।२०

विषयः- प्रदेश तथा स्थानीय तहमा अन्तर्राष्ट्रिय विकास सहायता परिचालनसम्बन्धी मापदण्ड, २०७६ कार्यान्वयन सम्बन्धमा ।

श्री मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय,
प्रदेश नं. १, विराटनगर, प्रदेश नं. २, जनकपुर, बागमती प्रदेश, हेटौंडा, गण्डकी प्रदेश, पोखरा,
प्रदेश नं. ५ बुटवल, कर्णाली प्रदेश, सुर्खेत र सुदूरपश्चिम प्रदेश, धनगढी । सुदूरपश्चिम प्रदेश, धनगढी ।

नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०७६।९।१४ को बैठकबाट स्वीकृत "प्रदेश तथा स्थानीय तहमा अन्तर्राष्ट्रिय विकास सहायता परिचालनसम्बन्धी मापदण्ड, २०७६" आवश्यक जानकारी तथा कार्यान्वयनका निम्ति पत्राचार गरिदिनुहुन भनी अर्थ मन्त्रालय अन्तर्राष्ट्रिय विकास सहायता समन्वय महाशाखाको प.सं. IECCD/2076.77 च.नं. २००५ मिति २०७६/१०/१९ को पत्रबाट लेखि आएको हुँदा प्राप्त पत्र र पत्रसाथ संलग्न "प्रदेश तथा स्थानीय तहमा अन्तर्राष्ट्रिय विकास सहायता परिचालनसम्बन्धी मापदण्ड, २०७६" को छायाँप्रति यसैसाथ संलग्न गरी पठाइएको व्यहोरा आदेशानुसार अनुरोध छ।

(सुनिता तुम्बाहाङ्फे)

शाखा अधिकृत

बोधार्थ :-
श्री अर्थ मन्त्रालय,
(अन्तर्राष्ट्रिय विकास सहायता समन्वय महाशाखा)
सिंहदरबार, काठमाडौं ।

योजना

१११

टेलिफोन : ४२११०२५, ४२११०४०, ४२११०३५, ४२११०८०, ४२११०७२, ४२११०२१, ४२११...
फ्याक्स : ४२११०६५, ४२११०८६, ४२११०३८, ४२११०२१, ४२११०४७, पो.ब.नं. : २३ ... काठमाडौं, नेपाल
इमेल : info@opmcm.gov.np

नेपाल सरकार
# अर्थ मन्त्रालय

(अन्तर्राष्ट्रिय आर्थिक सहायता समन्वय महाशाखा)

सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्याः- IECCD/2076.077
च. नं.:- २००४

मितिः २०७६/१०/१९

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
दर्ता नं. ८८८४
मिति २०७६।१०।२०

श्री प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय,
सिंहदरबार, काठमाडौं।

विषयः- प्रदेश तथा स्थानीय तहमा अन्तर्राष्ट्रिय विकास सहायता परिचालनसम्वन्धी मापदण्ड, २०७६ कार्यान्वयन सम्बन्धमा।

प्रस्तुत सम्वन्धमा नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०७६।९।१४ को बैठकबाट स्वीकृत "प्रदेश तथा स्थानीय तहमा अन्तराष्ट्रिय विकास सहायता परिचालनसम्वन्धी मापदण्ड, २०७६" आवश्यक जानकारी तथा कार्यान्वयनका निम्ति सातवटै प्रदेशमा पत्राचार गरिदिनुहुन आदेशानुसार अनुरोध छ ।

संलग्नः
नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०७६।९।१४ को बैठकबाट स्विकृत "प्रदेश तथा स्थानीय तहमा अन्तर्राष्ट्रिय विकास सहायता परिचालनसम्वन्धी मापदण्ड, २०७६" को प्रतलिपि ।

(विवेक रिजाल)
शाखा अधिकृत

# प्रदेश तथा स्थानीय तहमा अन्तर्राष्ट्रिय विकास सहायता परिचालनसम्बन्धी मापदण्ड, २०७६

प्रस्तावना : प्रदेश तथा स्थानीय तहमा अन्तर्राष्ट्रिय विकास सहायता परिचालन गर्ने सम्बन्धमा आवश्यक व्यवस्था गर्न वाञ्छनीय भएकोले,

अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ३८ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायको मापदण्ड बनाएको छ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस मापदण्डको नाम "प्रदेश तथा स्थानीय तहमा अन्तर्राष्ट्रिय विकास सहायता परिचालनसम्बन्धी मापदण्ड, २०७६" रहेको छ।

(२) यो मापदण्ड तुरुन्त प्रारम्भ हुनेछ।

२. परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस मापदण्डमा,-

(क) "अनुदान सहायता" भन्नाले फिर्ता गर्नु नपर्ने र भविष्यमा कुनै पनि वित्तीय दायित्व नपर्ने गरी नेपाल सरकारलाई प्राप्त हुने अन्तर्राष्ट्रिय विकास सहायता सम्झनु पर्छ।

(ख) "अन्तर्राष्ट्रिय विकास सहायता" भन्नाले विभिन्न क्षेत्रको विकास तथा निर्माणका लागि मित्र राष्ट्र, बहुपक्षीय तथा क्षेत्रीय संस्था र अन्य विश्वव्यापी कोषबाट नेपाल सरकारलाई प्राप्त हुने वित्तीय, प्राविधिक तथा वस्तुगत सहायता सम्झनु पर्छ।

(ग) "आयोजना" भन्नाले प्रदेश तथा स्थानीय तहमा अन्तर्राष्ट्रिय विकास सहायता परिचालन गरी कार्यान्वयन गरिने आयोजना, परियोजना वा कार्यक्रम सम्झनु पर्छ।

(घ) "ऋण सहायता" भन्नाले सम्झौतामा उल्लिखित शर्तको अधीनमा रही ऋण बापतको रकम साँवा तथा ब्याजको रूपमा फिर्ता गर्नुपर्ने गरी विकास साझेदारबाट नेपाल सरकारलाई प्राप्त हुने अन्तर्राष्ट्रिय विकास सहायता सम्झनु पर्छ।

(ङ) "ऐन" भन्नाले अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ सम्झनु पर्छ।

(च) "नीति" भन्नाले अन्तर्राष्ट्रिय विकास सहायता परिचालन नीति, २०७६ सम्झनु पर्छ।

(छ) "प्रदेश" भन्नाले नेपालको संविधानको धारा ५६ को उपधारा (३) बमोजिमको प्रदेश सम्झनु पर्छ।

(ज) "प्राविधिक सहायता" भन्नाले व्यक्तिगत तह (सीप, ज्ञान, नवीनता, उद्यमशीलता) र साङ्गठनिक तहमा (प्रणाली, कार्यविधि, प्रविधि) राष्ट्रिय क्षमताको विकासमा सघाउ पुऱ्याउने सहायता सम्झनु पर्छ।

(झ) "मन्त्रालय" भन्नाले नेपाल सरकार, अर्थ मन्त्रालय सम्झनु पर्छ।

(ञ) "वस्तुगत सहायता" भन्नाले विकास साझेदारले अनुदानको रूपमा उपलब्ध गराउने जिन्सी मालसामान, सवारी साधन तथा उपकरणलगायतका वस्तुगत सहयोग सम्झनु पर्छ।

(ट) "विकास साझेदार" भन्नाले विभिन्न क्षेत्रको विकास तथा निर्माणका लागि अन्तर्राष्ट्रिय विकास सहायता प्रदान गर्ने विदेशी राष्ट्र, बहुपक्षीय वा क्षेत्रीय सङ्घ संस्था वा अन्य अन्तर्राष्ट्रिय कोष सम्झनु पर्छ।

(ठ) "वित्तीय सम्झौता" भन्नाले नेपाल सरकार र विकास साझेदारबीच अन्तर्राष्ट्रिय विकास सहायता परिचालनका लागि गरिने लिखित सम्झौता सम्झनु पर्छ। यो शब्दले सहायता प्राप्ति र परिचालनसँग सम्बन्धित सबै सम्झौतालाई जनाउनेछ।

(ड) विपद् व्यवस्थापन र मानवीय सहायता" भन्नाले विपद्को तत्काल सम्बोधन गरी महामारी, खाद्य असुरक्षा, कुपोषण रोक्न र शरणार्थी व्यवस्थापनजस्ता मानवीय कार्यमा परिचालन हुने सहायता सम्झनु पर्छ।

(ढ) "विषयगत मन्त्रालय" भन्नाले नेपाल सरकार, अर्थ मन्त्रालय बाहेकका अन्य सम्बन्धित मन्त्रालयलाई सम्झनु पर्छ।

(ण) "सहायक ऋण सम्झौता" भन्नाले प्रदेश वा स्थानीय तहले प्रस्ताव गरेको आयोजनाको लागि नेपाल सरकारले सम्झौता गरी प्राप्त गरेको वैदेशिक ऋणबाट सम्बन्धित प्रदेश वा स्थानीय तहलाई दिइने ऋणको साँवा रकम, ब्याजदर र भुक्तानीसम्बन्धी अन्य शर्तसहित नेपाल सरकार र सम्बन्धित प्रदेश वा स्थानीय तहबीच हुने सम्झौता सम्झनु पर्छ।

(त) "सहुलियतपूर्ण ऋण" भन्नाले नेपाल सरकार सदस्य रहेका बहुपक्षीय विकास साझेदारले प्रदान गर्ने सहुलियतसहितको ऋणको ब्याजदर, सहुलियत अवधि र भुक्तानी समयभन्दा कम नहुने गरी प्राप्त हुने ऋण सम्झनु पर्छ।

(थ) "सार्वजनिक ऋण व्यवस्थापन कार्यालय" भन्नाले नेपालको सार्वजनिक ऋणसम्बन्धी कार्य गर्नका लागि कानुनबमोजिम स्थापना भएको कार्यालय सम्झनु पर्छ।

(द) "शोधभर्ना" भन्नाले सम्झौताबमोजिम भएको खर्च रकम विकास साझेदारबाट नेपाल सरकारको कोषमा प्राप्त गर्ने कार्य सम्झनु पर्छ।

(ध) "स्थानीय तह" भन्नाले गाउँपालिका, नगरपालिका, उप-महानगरपालिका र महानगरपालिका सम्झनु पर्छ। साथै यो शब्दले जिल्ला समन्वय समितिलाईसमेत जनाउनेछ।

३. <u>आयोजनाको सूची अद्यावधिक गराउनु पर्ने</u> : (१) प्रदेश तथा स्थानीय तहले नेपालको संविधानका अनुसूचीहरूमा उल्लिखित प्रदेश तथा स्थानीय तहको अधिकारको सूचीभित्रका विषयसँग सम्बन्धित राष्ट्रिय, प्रदेश र स्थानीय तहका आवधिक योजनाले राखेका उद्देश्य तथा लक्ष्य हासिल गर्न योगदान गर्ने एकीकृत आयोजनाको सूची तयार गरी विस्तृत आयोजना प्रतिवेदनका आधारमा सम्भाव्य देखिएका आयोजनाको विवरण अद्यावधिक गरिराख्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको आयोजनाको विवरण प्रदेशको हकमा आर्थिक मामिला तथा योजना मन्त्रालयले र स्थानीय तहको हकमा सम्बन्धित स्थानीय तहले अद्यावधिक गर्नु पर्नेछ।

४. <u>आयोजना प्रस्ताव गर्नुपर्ने</u> : (१) प्रदेश तथा स्थानीय तहले अन्तर्राष्ट्रिय विकास सहायता प्राप्त गर्नको लागि दफा ३ बमोजिम अद्यावधिक गरिएको आयोजनाको सूचीमा समावेश भएका आयोजनाहरूमध्येबाट सम्भावित आयोजनाको विस्तृत विवरणसहितको प्रस्ताव मन्त्रालयमा पेश गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम आयोजना प्रस्ताव पेश गर्दा अनुदान सहायताको हकमा अनुसूची-१ को ढाँचामा र ऋण सहायताको हकमा वित्तीय प्रतिफल विश्लेषणको आधारमा ऋणको सावाँ ब्याज भुक्तानीको सुनिश्चिततासमेत खुलाई अनुसूची-२ को ढाँचामा प्रस्ताव गर्नु पर्नेछ।

(३) यस दफाबमोजिम प्रदेश तथा स्थानीय तहले आयोजना प्रस्ताव गर्दा अनुसूची-१ र अनुसूची-२ मा उल्लिखित विवरणका अतिरिक्त देहायका विषयसमेत खुलाउनु पर्नेछ :-

(क) आयोजना वा कार्यक्रमसम्बन्धी स्थिति विवरण,

(ख) अन्तर्राष्ट्रिय विकास सहायता आवश्यक पर्ने कारण,

(ग) आयोजना कार्यान्वयनबाट प्राप्त हुने उपलब्धि र सोबाट पर्ने प्रभाव,

(घ) आयोजना कार्यान्वयन संयन्त्र, विधि र क्षमताको प्रबन्ध,

(ङ) प्रस्तावित आयोजना प्रदेश वा स्थानीय तहको आवधिक योजना र ऐनको दफा १७ बमोजिमको मध्यकालीन खर्च संरचनामा परे नपरेको,

(च) सम्बन्धित प्रदेश वा स्थानीय तहले अन्तर्राष्ट्रिय विकास सहायता प्राप्त गरी आयोजना वा कार्यक्रम सञ्चालन गरेको पूर्व अनुभव भए नभएको,

(छ) उपदफा (२) बमोजिम ऋण सहायता भएमा ऋण भुक्तानीका लागि आवश्यक स्रोत व्यवस्थापनको प्रस्ताव,

(ज) कुनै निकायसँग साझेदारीमा आयोजना सञ्चालन गर्ने भए सोको विवरण र

(झ) कुनै लक्षित विकास साझेदार भएमा सो विषय।

(४) अन्तर्राष्ट्रिय विकास सहायताका लागि आयोजना छनौट गर्दा संघ, प्रदेश र स्थानीय तहबाट सञ्चालित कार्यक्रम वा आयोजनासँग दोहोरो नपर्ने गरी गर्नु पर्नेछ।

५. व्यापारिक ऋण सहायता परिचालन नगरिने : (१) प्रदेश तथा स्थानीय तहको लागि व्यापारिक ऋण सहायता परिचालन गर्न नेपाल सरकारले विकास साझेदारसँग कुनै प्रकारको सम्झौता गर्ने छैन।

(२) उपदफा (१) बमोजिमको सहायता परिचालनको लागि वार्ता वा छलफल गर्न प्रदेश तथा स्थानीय तहलाई स्वीकृति दिइने छैन।

६. विकास साझेदारसँग वार्ता गर्ने : (१) दफा ४ बमोजिम प्राप्त आयोजनाको प्रस्ताव जाँचबुझ गर्दा त्यस्तो आयोजना कार्यान्वयन गर्न मनासिब देखेमा मन्त्रालयले सम्बन्धित विकास साझेदारसँग वार्ता प्रक्रिया अगाडि बढाउनेछ।

(२) उपदफा (१) बमोजिम वार्ता प्रक्रिया अगाडि बढाउनु अघि मन्त्रालयले आवश्यकताअनुसार नेपाल सरकारका अन्य विषयगत मन्त्रालयको राय लिन सक्नेछ।

(३) प्रस्तावित आयोजना वा कार्यक्रमका लागि अन्तर्राष्ट्रिय विकास सहायता उपलब्ध गराउन विकास साझेदारबाट अनुदान सहायताको हकमा आशयपत्र प्राप्त भएपछि र ऋण सहायताको हकमा मन्त्रालयले नेपाल सरकारको स्वीकृति लिएपछि सम्बन्धित विकास साझेदारसँग वार्ता गर्नेछ।

(४) उपदफा (३) बमोजिम वार्ता गर्न गठन हुने वार्ता टोलीमा मन्त्रालयले आयोजनाको प्रकृति हेरी विषयगत मन्त्रालय र सम्बन्धित प्रदेश वा स्थानीय तहको प्रतिनिधिसमेत रहने गरी आवश्यक व्यवस्था गर्न सक्नेछ।

(५) उपदफा (३) बमोजिम वार्ता गर्दा नीतिमा उल्लेखित विषयका अतिरिक्त देहायका विषयहरूसमेतलाई आधार लिनु पर्नेछः-

(क) प्रस्तावित सहायताको आवश्यकता तथा औचित्य र सोको परिचालनबाट प्राप्त हुने उपलब्धि एवं प्रभाव,

(ख) सहायताको परिचालनमा कुनै शर्तहरू प्रस्ताव गरिएको भए त्यस्ता शर्तहरूको उपयुक्तता,

(ग) प्रस्तावित सम्झौताको कानूनी, प्राविधिक र आर्थिक पक्षको विश्लेषण,

(घ) सहायता कार्यान्वयनको उपयुक्त विधि,

(ङ) ब्याजदर तथा भुक्तानी विधि,

(च) उपयुक्त देखिएका अन्य विषयहरू।

(६) मन्त्रालयले ऋण सहायताको हकमा उपदफा (३) बमोजिम गरेको वार्ता सम्पन्न भएपछि र अनुदान सहायताको हकमा सम्बन्धित विकास साझेदारबाट आशयपत्र प्राप्त भएपछि त्यस्तो विकास साझेदारसँग वित्तीय सम्झौता गर्नेछ।

७. प्राविधिक सहायता माग गर्न सक्ने : (१) प्रदेश तथा स्थानीय तहले दफा ४ बमोजिम आयोजना प्रस्ताव गर्दा कुनै आयोजनाको पूर्व सम्भाव्यता, सम्भाव्यता अध्ययन वा विस्तृत आयोजना प्रतिवेदन तयारी गर्न र आयोजना कार्यान्वयन गर्न प्राविधिक जटिलता भएको र स्वदेशमा त्यस्तो जनशक्ति उपलब्ध हुन नसक्ने भएमा सो कुराको पुष्टयाईसहित त्यस्तो कार्यको लागि आवश्यक पर्ने प्राविधिक सहायताको लागि मन्त्रालयमा अनुरोध गर्न सक्नेछन् ।

(२) उपदफा (१) बमोजिम माग गरिएको प्राविधिक सहायता कुनै आयोजनासँग आबद्ध हुने गरी वा छुट्टै आयोजनाको रूपमा कार्यान्वयन हुने गरी परिचालन गर्न मन्त्रालयले सम्बन्धित पक्षसँग सम्झौता गर्न सक्नेछ।

(३) उपदफा (२) बमोजिम प्राविधिक सहायता सम्झौता गरिएकोमा मन्त्रालयले त्यस्तो प्राविधिक सहायता सम्झौता कार्यान्वयनका लागि सम्झौताको प्रतिसहित सम्बन्धित प्रदेश तथा स्थानीय तहमा लेखी पठाउनु पर्नेछ।

(४) उपदफा (२) बमोजिमको सम्झौतामा उल्लिखित शर्त र प्रक्रियाको पालना गर्नु सम्बन्धित प्रदेश तथा स्थानीय तहको कर्तव्य हुनेछ।

(५) यस दफाबमोजिम परिचालन हुने प्राविधिक सहायता रकम अध्ययन, अवलोकन भ्रमण र सवारी साधन खरिदमा खर्च गर्न पाइने छैन।

(६) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि यस दफाबमोजिम लिइने प्राविधिक सहायता ऋणको रूपमा स्वीकार गरिनेछैन।

८. वस्तुगत अनुदान सहायता स्वीकार गर्न सक्ने : (१) मन्त्रालय वा मन्त्रालयको सहमतिमा नेपाल सरकारको सम्बन्धित विषयगत मन्त्रालयले विकास साझेदारसँग सम्झौता गरी वस्तुगत सहायता स्वीकार गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम भएको वस्तुगत सहायता सम्झौताबमोजिम प्राप्त हुने सहायता मन्त्रालय वा विषयगत मन्त्रालयले सम्बन्धित प्रदेश तथा स्थानीय तहमा हस्तान्तरण गर्नु पर्नेछ।

(३) उपदफा (१) बमोजिमको सम्झौताअनुसार प्राप्त वस्तुगत सहायताको परिचालन र उपयोग गर्दा प्रदेश तथा स्थानीय तहले त्यस्तो सम्झौतामा उल्लिखित शर्त र प्रक्रिया पालना गर्नु पर्नेछ।

९. विपद् व्यवस्थापन र मानवीय सहायता: (१) प्रदेश तथा स्थानीय तहबाट परिचालन हुने गरी नेपाल सरकारले आवश्यकतानुसार विपद् व्यवस्थापन र मानवीय सहायता स्वीकार गर्न सक्नेछ।

(२) विपद् व्यवस्थापनका लागि मानवीय सहायता परिचालन गर्दा अन्तर्राष्ट्रिय असल अभ्यासको परिपालना गरिनेछ।

(३) विपद्सम्बन्धी अन्य व्यवस्था विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ बमोजिम हुनेछ।

१०. अन्तर्राष्ट्रिय विकास सहायताको हस्तान्तरण: (१) नेपाल सरकारले प्रदेश तथा स्थानीय तहबाट कार्यान्वयन हुने आयोजनाका लागि वैदेशिक अनुदानको हकमा प्रचलित कानुनबमोजिम प्रदेश तथा स्थानीय तहलाई उपलब्ध गराइने सशर्त अनुदानको रूपमा र ऋणको हकमा सशर्त अनुदानको रूपमा वा सहायक ऋण सम्झौता गरी वित्तीय व्यवस्थाअन्तर्गत उपलब्ध गराउनेछ।

(२) प्रदेश तथा स्थानीय तहबाट आयोजना विकास गरी ऋण सहायता परिचालन गर्न प्रस्ताव भएका आयोजनाको दफा ६ को उपदफा (६) बमोजिम सम्झौता सम्पन्न भएपछि मन्त्रालयले सो सम्झौताबमोजिम प्राप्त ऋण सहायता परिचालन गर्न अनुसूची-३ बमोजिमको ढाँचामा प्रदेश वा स्थानीय तहसँग सहायक ऋण सम्झौता गरी त्यस्तो ऋण सहायता सम्बन्धित प्रदेश वा स्थानीय तहलाई उपलब्ध गराउनेछ।

(३) उपदफा (२) बमोजिमको सहायक ऋण सम्झौतामा मन्त्रालयले अन्य विषयको अतिरिक्त ऋण सहायताको ब्याजदर, भुक्तानी तालिका, लेखाङ्कन, प्रतिवेदन र शोधभर्नासम्बन्धी अन्य शर्त तथा प्रक्रियासमेत उल्लेख गर्नु पर्नेछ।

(४) यस दफाबमोजिम गरेको सहायक ऋण सम्झौताको प्रति मन्त्रालयले महालेखा नियन्त्रक कार्यालय र सार्वजनिक ऋण व्यवस्थापन कार्यालयमासमेत पठाउनु पर्नेछ।

(५) उपदफा (२) बमोजिम प्रदेश तथा स्थानीय तहलाई उपलब्ध गराउने अन्तर्राष्ट्रिय विकास सहायता परिचालन गर्दा ऐनको दफा १३ को उपदफा (२) बमोजिमको प्राथमिकताको क्षेत्रमा मात्र परिचालन गरिनेछ।

(६) प्रदेश तथा स्थानीय तहले उपदफा (१) बमोजिम प्राप्त हुने सहायता रकमको परिचालन वित्तीय सम्झौता, आयोजना कार्यान्वयन सम्झौता तथा उपदफा (२) बमोजिमको सहायक ऋण सम्झौताबमोजिम गर्नु पर्नेछ।

(७) नेपाल सरकारले अनुदान सहायता उपलब्ध गराउँदा वित्तीय सम्झौतामा भएका शर्तका अतिरिक्त आयोजना कार्यान्वयनसम्बन्धी थप शर्त तोक्न सक्नेछ।

११. वित्तीय सम्झौता कार्यान्वयनसम्बन्धी विशेष व्यवस्था : यो मापदण्ड प्रारम्भ हुनुअघि सम्पन्न भएका वित्तीय सम्झौताबमोजिम अनुदान सहायता तथा ऋण सहायतामा सञ्चालित आयोजना कार्यान्वयन गर्न आवश्यक पर्ने बजेट मन्त्रालयले सम्बन्धित प्रदेश तथा स्थानीय तहलाई सशर्त अनुदानको रूपमा उपलब्ध गराउनेछ।

१२. अन्तर्राष्ट्रिय विकास सहायताको उपयोग : (१) प्रदेश तथा स्थानीय तहले जुन प्रयोजनका लागि अन्तर्राष्ट्रिय विकास सहायता प्राप्त गरेको हो सोही प्रयोजनमा मात्र उपयोग गर्नु पर्नेछ।

(२) यो मापदण्डबमोजिम सशर्त अनुदानअन्तर्गत वा सहायक ऋण सम्झौता गरी हस्तान्तरण हुने सहायता रकम तोकिएको आयोजनामा मात्र खर्च हुने गरी बजेट विनियोजन गर्ने, खर्च गर्ने, लेखा राख्ने, लेखापरीक्षण गराउने र प्रतिवेदन पेश गर्ने जिम्मेवारी सम्बन्धित प्रदेश तथा स्थानीय तहको हुनेछ।

१३. <u>शोधभर्ना</u> : (१) प्रदेश तथा स्थानीय तहले आफूले प्राप्त गरेको अन्तर्राष्ट्रिय विकास सहायता रकमको खर्चको वा ऋण सहायताअन्तर्गत खर्च गरेको रकमको शोधभर्ना माग गर्दा मन्त्रालयले तोकेको समय र ढाँचामा आवश्यक विवरण उल्लेख गरी शोधभर्ना माग गर्ने सम्बन्धित एकाइमा पठाउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम शोधभर्ना माग भई आएमा शोधभर्ना माग गर्ने सम्बन्धित एकाइले प्राप्त विवरणहरू एकीकृत गरी सम्झौतामा तोकिएको प्रक्रियाबमोजिम सम्बन्धित विकास साझेदारसमक्ष शोधभर्नाको लागि लेखी पठाउनु पर्नेछ।

(३) शोधभर्ना माग गर्ने एकाइले उपदफा (२) बमोजिम शोधभर्ना माग गरेको र प्राप्त भएको विवरण महालेखा नियन्त्रक कार्यालय र सम्बन्धित विकास साझेदारको अभिलेखसँग भिडान गरी अद्यावधिक गरी राख्नु पर्नेछ।

१४. <u>अनुदान तथा राजस्व बाँडफाँटबाट कट्टा गरिने</u> : सम्झौतामा तोकिएको शर्त पालना नगरेको, तोकिएको आयोजनामा खर्च नगरेको, निर्धारित तालिकाबमोजिम ऋण रकमको साँवा ब्याज समयमा भुक्तानी नगरेको र निर्धारित ढाँचा र समयमा प्रतिवेदन पेश नगरेको कारणबाट शोधभर्ना प्राप्त हुन नसकेमा नेपाल सरकारले सम्बन्धित प्रदेश तथा स्थानीय तहलाई उपलब्ध गराउने अन्य जुनसुकै अनुदान तथा राजस्व बाँडफाँटबाट त्यसरी खर्च भएको, क्षति भएको तथा भुक्तानी नभएको रकम र थप शुल्क लाग्ने भए सोसमेत कट्टा गरिनेछ।

१५. <u>स्वयंसेवक परिचालन</u> : (१) मन्त्रालयले वा मन्त्रालयको सहमतिमा विषयगत मन्त्रालयले सम्बन्धित विकास साझेदारसँग स्वयंसेवक परिचालन सम्बन्धमा आवश्यक खाका सम्झौता (फ्रेमवर्क एग्रीमेन्ट) गर्न सक्नेछ।

<u>स्पष्टीकरण</u> : यस दफाको प्रयोजनको लागि "स्वयंसेवक" भन्नाले खाका सम्झौताबमोजिम नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहबाट कुनै पारिश्रमिक नलिने गरी नेपालमा आई सेवा प्रदान गर्ने निश्चित शैक्षिक योग्यता, विशेषज्ञता र अनुभव भएको विदेशी नागरिक सम्झनु पर्छ।

(२) प्रदेश तथा स्थानीय तहले आवश्यक ठानेमा स्वयंसेवकको प्राविधिक विशेषज्ञताको क्षेत्र र सङ्ख्या खोली खाका सम्झौता गर्ने निकायमा माग गर्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिम माग प्राप्त भएपछि खाका सम्झौता गर्ने निकायले उपलब्धताको आधारमा सम्झौताको प्रावधान बमोजिम अत्यावश्यक सङ्ख्यामा मात्र प्रदेश तथा स्थानीय तहमा स्वयंसेवक परिचालन गर्न सक्नेछ। सोको जानकारी सम्बन्धित जिल्ला प्रशासन कार्यालयमा दिनु पर्नेछ।

(४) यस मापदण्डबमोजिम परिचालन हुने स्वयंसेवकहरूले उपदफा (१) बमोजिमको खाका सम्झौतामा तोकिएको शर्त तथा आचारसंहिताबमोजिम कार्य सम्पादन गरे नगरेको सम्बन्धमा सम्बन्धित प्रदेश तथा स्थानीय तहले सम्बन्धित जिल्ला प्रशासन कार्यालयको समन्वयमा अनुगमन गर्नु पर्नेछ।

१६. <u>विदेशी परामर्शदाता परिचालन</u> : (१) यस मापदण्डबमोजिम प्रदेश वा स्थानीय तहबाट कार्यान्वयन हुने आयोजनाअन्तर्गतको कुनै कार्य नेपाली नागरिकबाट सम्पादन हुन नसक्ने भनी कारणसहित

सम्बन्धित प्रदेश तथा स्थानीय तहले अनुरोध गरेमा मन्त्रालयले त्यस्तो आयोजनाको कार्यान्वयको लागि विदेशी परामर्शदाता परिचालन गर्न सहमति दिन सक्नेछ।

तर, विकास साझेदारसँग भएको सम्झौतामा विदेशी परामर्शदाता परिचालन गर्नेसम्बन्धी विषय उल्लेख नभएमा त्यस्तो परामर्शदाता परिचालन गर्न सहमति दिइने छैन।

(२) उपदफा (१) बमोजिम विदेशी परामर्शदाता परिचालनको लागि मन्त्रालयसमक्ष अनुरोध गर्दा त्यस्तो परामर्शदाता फिर्ता हुने योजनासमेत संलग्न गर्नु पर्नेछ।

१७. <u>राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाबाट प्राप्त हुने सहायता परिचालन</u> : (१) प्रदेश तथा स्थानीय तहले आफ्नो क्षेत्रअन्तर्गत विभिन्न विकास आयोजना कार्यान्वयन गर्ने गरी समाज कल्याण परिषद्सँग आबद्ध भएका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाको कार्यक्रमलाई वार्षिक विकास कार्यक्रममा समावेश गरी सहायता परिचालन गर्न सक्नेछन्।

(२) उपदफा (१) बमोजिम आयोजना कार्यान्वयन गर्नका लागि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थासँग प्रदेश तथा स्थानीय तहले आवश्यक समन्वय तथा सहकार्य गर्नु पर्नेछ।

(३) उपदफा (१) बमोजिम सञ्चालन हुने आयोजना धार्मिक, जातीय र साम्प्रदायिक एवं राजनीतिक संस्था तथा राष्ट्रिय संवेदनशीलताका क्षेत्रहरू बाहेकका विकासमूलक कार्यमा मात्र सञ्चालन भएको कुरा सुनिश्चित गर्न सम्बन्धित स्थानीय तहले आवश्यक अनुगमन गर्नु पर्नेछ।

(४) यस दफाबमोजिम परिचालन हुने सहायताको पारदर्शिता अभिवृद्धिको लागि आयव्यय तथा क्रियाकलापको विवरण वार्षिक रूपमा सार्वजनिकीकरण गर्न तेस्रो पक्षद्वारा परीक्षण गर्ने र सार्वजनिक सुनुवाई तथा सामाजिक लेखापरीक्षण गर्ने कार्यमा सम्बन्धित स्थानीय तहले आवश्यक सहयोग तथा समन्वय गर्नु पर्नेछ।

(५) यस दफाबमोजिम स्थानीय तहमा सञ्चालन हुने आयोजनाको सम्बन्धित जिल्ला समन्वय समितिले आवश्यक समन्वय र अनुगमन गरी सोको प्रतिवेदन महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयमा पठाउनु पर्नेछ।

१८. <u>सहायता परिचालनको विवरण प्रविष्ट गर्नुपर्ने</u> : (१) यस मापदण्डबमोजिम परिचालन हुने सहायताको विवरण मन्त्रालयमा रहेको सहायता व्यवस्थापन सूचना प्रणाली (Aid Management Information System - AMIS) मा प्रविष्ट गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको विवरण प्रविष्ट गर्ने जिम्मेवारी सहायता प्राप्त गर्ने सम्बन्धित प्रदेश तथा स्थानीय तहको हुनेछ।

१९. <u>प्रदेश तथा स्थानीय तहले विकास साझेदारसँग प्रारम्भिक छलफल गर्न सक्ने</u> : (१) प्रदेश तथा स्थानीय तहले कुनै आयोजनामा अन्तर्राष्ट्रिय विकास सहायता परिचालन गर्ने सम्बन्धमा विकास साझेदारसँग प्रारम्भिक छलफल गर्न सक्नेछन् । यसरी भएको छलफलको जानकारी मन्त्रालयलाई लिखित रूपमा गराउनुपर्नेछ।

(२) उपदफा (१) बमोजिमको छलफलबाट पहिचान भएका आयोजना तथा कार्यक्रम आवधिक आयोजनाको प्राथमिकता र नेपाल सरकारबाट स्रोत व्यवस्थापन हुनसक्ने वा नसक्ने

अवस्थासमेतको आधारमा मन्त्रालयले प्रस्तावित आयोजना उपयुक्त नदेखेमा सोको जानकारी सम्बन्धित प्रदेश तथा स्थानीय तहलाई गराउनेछ।

(३) उपदफा (२) को प्रयोजनका लागि मन्त्रालयले विकास साझेदारहरूको कार्यक्षेत्रसम्बन्धी नक्साङ्कन (डिभेलपमेण्ट पार्टनर्स म्यापिङ्) गर्न सक्नेछ।

२०. <u>विकास साझेदारले नेपाल सरकारको स्वीकृति लिनु पर्ने</u> : (१) विकास साझेदारले कुनै प्रदेश तथा स्थानीय तहलाई कुनै अन्तर्राष्ट्रिय विकास सहायता उपलब्ध गराउन चाहेमा मन्त्रालयको पूर्व स्वीकृति लिई प्रदेश तथा स्थानीय तहसँग प्रारम्भिक छलफल गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिमको पूर्व स्वीकृति माग भएपछि मन्त्रालयले नेपाल सरकारको नीति, प्राथमिकता, कार्यक्रम र चालु आयोजनासमेतको आधारमा प्रस्तावित आयोजना सम्भाव्य नदेखिएमा सो व्यहोरा सम्बन्धित विकास साझेदारलाई जानकारी गराउनु पर्नेछ।

२१. <u>अन्तर्राष्ट्रिय विकास सहायताको लेखा</u> : (१) यस मापदण्डबमोजिम परिचालन हुने अन्तर्राष्ट्रिय विकास सहायताको लेखा नेपाल सरकारबाट निर्धारित खाता सूची (Chart of Account) र लेखा ढाँचामा राख्नु पर्नेछ।

(२) बजेट प्रणालीमार्फत् परिचालन हुने सबै अन्तर्राष्ट्रिय विकास सहायताको लेखापरीक्षण महालेखा परीक्षकबाट हुनेछ।

२२. <u>खरिदसम्बन्धी व्यवस्था</u> : यस मापदण्डबमोजिम परिचालन हुने अन्तर्राष्ट्रिय विकास सहायताबाट गरिने सबै प्रकारका खरिद सार्वजनिक खरिदसम्बन्धी प्रचलित संघीय कानुनबमोजिम गर्नु पर्नेछ।

तर, विकास साझेदारसँगको सम्झौतामा खरिद सम्बन्धमा छुट्टै व्यवस्था भएकोमा सोही सम्झौताबमोजिम हुनेछ।

२३. <u>सम्पर्क निकाय</u> : यस मापदण्डबमोजिम अन्तर्राष्ट्रिय विकास सहायता परिचालनसम्बन्धी कामको सम्बन्धमा प्रदेशले नेपाल सरकारसँग सम्पर्क गर्दा प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयमार्फत् र स्थानीय तहले नेपाल सरकारसँग सम्पर्क गर्दा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमार्फत् गर्नु पर्नेछ।

२४. <u>अनुगमन तथा मूल्याङ्कन</u> : (१) प्रदेश तथा स्थानीय तहमा अन्तर्राष्ट्रिय विकास सहायताअन्तर्गत कार्यान्वयन भएका आयोजनाको अनुगमन तथा मूल्याङ्कन राष्ट्रिय अनुगमन तथा मूल्याङ्कन दिग्दर्शनबमोजिम हुनेछ।

(२) प्रदेश तथा स्थानीय तहमा अन्तर्राष्ट्रिय विकास सहायताबाट सञ्चालित आयोजनाको कार्यान्वियनको अनुगमन मन्त्रालयलेसमेत गर्न सक्नेछ।

अनुसूची-१

(दफा ४ को उपदफा (२) र (३) सँग सम्बन्धित)

<u>अनुदान सहायतामा सञ्चालन हुने आयोजना प्रस्ताव गर्ने ढाँचा</u>

१. अनुदान सहायता माग गर्ने प्रदेश वा स्थानीय तहको नामः

२. ठेगानाः

३. सम्पर्क फोनः इमेलः

४. अनुदान सहायता परिचालन हुने आयोजनाः

५. आयोजना कार्यान्वयन हुने स्थानः

६. आयोजनाको कूल लागत र लागत व्यहोर्ने स्रोतः

(क) कूल लागतः

(ख) आन्तरिक स्रोतः

(ग) अनुदान सहायताः

(घ) अन्यः

७. आयोजनाबाट लाभान्वित हुने जनसङ्ख्याः

८. आयोजनाका सम्भाव्य मुख्य मुख्य उपलब्धिहरूः

९. आयोजना सम्पन्न हुने अवधिः

१०. अनुदान सहायता उपलब्ध गराउने लक्षित विकास साझेदारः

<u>संलग्न गर्नुपर्ने कागजात</u> :-

१. अनुदान सहायताका लागि नेपाल सरकारलाई अनुरोध गर्नेसम्बन्धी प्रदेशको हकमा सम्बन्धित प्रदेश सरकारको मन्त्रिपरिषद् र स्थानीय तहको हकमा सम्बन्धित स्थानीय तहको कार्यपालिकाको निर्णय,
२. आयोजनाको विस्तृत आयोजना प्रतिवेदन वा पूर्व सम्भाव्यता अध्ययन प्रतिवेदन,
३. सम्बन्धित प्रदेश सरकारका विषयगत मन्त्रालयको राय,
४. मन्त्रालयको स्वीकृतिमा लक्षित विकास साझेदारसँग प्रारम्भिक छलफल भएकोमा सो छलफलको निष्कर्षसहितको प्रतिवेदन, र
५. मन्त्रालयले तोकेका अन्य कागजातहरू।

अनुसूची-२

(दफा ४ को उपदफा (२) र (३) सँग सम्बन्धित)

<u>ऋण सहायतामा सञ्चालन हुने आयोजना प्रस्ताव गर्ने ढाँचा</u>

१. ऋण सहायता माग गर्ने प्रदेश वा स्थानीय तहको नाम :

२. ठेगानाः

३. सम्पर्क फोनः इमेलः

४. ऋण सहायता परिचालन गरिने आयोजनाः

५. आयोजना कार्यान्वयन हुने स्थानः

६. आयोजनाको कूल लागत र लागत व्यहोर्ने स्रोतः

(क) कुल लागत

(ख) आन्तरिक स्रोत

(ग) ऋण सहायता

(घ) अन्य

७ ऋण भुक्तानी गर्ने स्रोत

८. आयोजनाबाट लाभान्वित हुने जनसङ्ख्या

९. आयोजनाका संभाव्य मुख्य उपलब्धिहरूः

१०. आयोजना सम्पन्न हुने अवधिः

११. ऋण सहायता उपलब्ध गराउने विकास साझेदारः

<u>संलग्न गर्नुपर्ने कागजात</u> :-

१. ऋण सहायताका लागि नेपाल सरकारलाई अनुरोध गर्नेसम्बन्धी प्रदेशको हकमा सम्बन्धित प्रदेश सरकारको मन्त्रिपरिषद् र स्थानीयको तहको हकमा सम्बन्धित स्थानीय तहको कार्यपालिकाको निर्णय,

२. आयोजनाको विस्तृत आयोजना प्रतिवेदन वा पूर्व सम्भाव्यता अध्ययन प्रतिवेदन,

३. मन्त्रालयको स्वीकृतिमा लक्षित विकास साझेदारसँग प्रारम्भिक छलफल भएकोमा सो छलफलको निष्कर्षसहितको प्रतिवेदन,

४. वित्तीय प्रतिफल विश्लेषण,

५. ऋण भुक्तानी गर्ने स्रोत सुनिश्चित हुने आधार, र

६. मन्त्रालयले तोकेका अन्य कागजातहरू।

अनुसूची-३

(दफा १० को उपदफा (१) सँग सम्बन्धित)

नेपाल सरकार

तथा

...............प्रदेश/.............पालिका

बीच

................................................

सम्बन्धी

## सहायक ऋण सम्झौता

### प्रस्तावना

नेपाल सरकार तथा ............................... (विकास साझेदार) बीच ..................... संवत् २० ...... (तदनुसार ..................२०..............) ........................... का दिन ............................................................................ आयोजना ("योजना") का सम्बन्धमा सम्पन्न भएको ऋण सम्झौता (ऋण नं. ............................... ("मूल सम्झौता") को धारा ............... बमोजिम आयोजना कार्यान्वयनको लागि ............. (विकास साझेदार) ले नेपाल सरकारलाई ...................... (अक्षरेपि रु ............................ .... ) बराबरको ऋण सहायता उपलब्ध गराउन मञ्जुर गरेको; र

मूल सम्झौताको धारा ..................... बमोजिम उपलब्ध हुने सहुलियतपूर्ण ऋण .................. प्रदेश /................ पालिकालाई सहायक ऋणको रूपमा उपलब्ध गराउन नेपाल सरकार मञ्जुर भएकोले,

नेपाल सरकार र .......................प्रदेश/ ........... पालिका देहायका शर्तबमोजिम यो सम्झौता गर्न सहमत भएका छन् :

धारा १

### परिभाषा

१.०१ विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा मूल सम्झौतामा परिभाषित विभिन्न शब्दहरूको अर्थ यस सम्झौताको सन्दर्भमा पनि सोहीबमोजिम लागू हुनेछ।

धारा २

### सहायक ऋण

२.०१ नेपाल सरकारले आयोजना कार्यान्वयन गर्नका लागि ..................... बाट प्राप्त गर्ने ........................ (अक्षरेपि .........................) बराबरको सहुलियतपूर्ण ऋण ...........प्रदेश/........... पालिकालाई सहायक ऋणको रूपमा उपलब्ध गराउनेछ।

२.०२ आयोजना कार्यान्वयन गर्नका लागि मूल सम्झौताबमोजिम जुन मितिमा जति ऋण रकम ...................... (विकास साझेदार) बाट नेपाल सरकारलाई उपलब्ध भएको हुन्छ सोही मितिको प्रचलित विदेशी विनिमय दरबमोजिम कायम हुने नेपाली रुपैयाँ नेपाल सरकारले ........... प्रदेश/........... पालिकालाई सहायक ऋण उपलब्ध गराएको मानिनेछ।

२.०३ ........... प्रदेश/........... पालिकाले यस सम्झौताबमोजिम प्राप्त गर्ने र समय समयमा चुक्ता हुन बाँकी रहने ऋण रकममा मूल सम्झौताबमोजिमको ग्रेस अवधिभर वार्षिक ..........% (........ प्रतिशत) का दरले र ग्रेस अवधि समाप्त भएपछि वार्षिक ............% (............ प्रतिशत) का दरले प्रत्येक वर्षको ............. र ................ का दिन नेपाल सरकारलाई ब्याज बुझाउनेछ। एक वर्ष तथा एक महिनाभन्दा कम अवधिको ब्याज हिसाब गर्दा क्रमशः ३६० दिनको एक वर्ष र ३० दिनको एक महिनाको हिसाबले गणना गरिनेछ।

२.०४ यस सम्झौताको धारा २.०३ मा जुनसुकै कुरा लेखिएको भए तापनि आयोजनाको निर्माण अवधिभरको ब्याज रकमलाई यो सम्झौताबमोजिम प्राप्त हुने ऋणमा जोडी वार्षिक रूपमा पूँजीकरण गरिनेछ।

__द्रष्टव्यः__ "निर्माण अवधिको ब्याज" भन्नाले आयोजना सम्पन्न भई प्रयोगमा आएको दिनभन्दा अघिल्लो दिनसम्मको तोकिएबमोजिमको अवधिको ब्याज रकम सम्झनु पर्छ।

२.०५ ........... प्रदेश/........... पालिकाले यस सम्झौताबमोजिम लिएको सहायक ऋणको साँवा र ब्याज ........... वर्षको ग्रेस अवधिसहित ........... वर्षभित्र यसै साथसंलग्न अनुसूची-१ को भुक्तानी तालिकाबमोजिम नेपाल सरकारलाई भुक्तानी गर्नेछ।

२.०६ आयोजना सम्पन्न भएपछि यस सम्झौताको धारा २.०२ बमोजिम कायम हुने ऋणको भुक्तानी गर्नु पर्ने यथार्थ रकम समावेश गरी अनुसूची-१ बमोजिमको भुक्तानी तालिकाको सट्टा साँवा किस्ता र ब्याज दुवै समावेश भएको समान अर्ध वार्षिक ऋण तालिका दुवै पक्षको सहमतिमा तयार गरी लागू गरिनेछ।

२.०७ ...........प्रदेश/........... पालिकाले यस सम्झौताबमोजिम लिएको ऋणको सम्पूर्ण साँवा वा त्यसको कुनै अंश र त्यसमा लागेको ब्याजसमेत भुक्तानी मितिभन्दा अगावै पनि नेपाल सरकारलाई भुक्तानी गर्न सक्नेछ। यसरी ........... प्रदेश/........... पालिकाले साँवाको कुनै अंश भुक्तानी गरेमा तिर्न बाँकी ऋणको किस्तालाई समानुपातिक हिसाबले घटाउन वा अन्तिम भुक्तानी मितिलाई अगाडि सार्न सकिनेछ।

२.०८ यस सम्झौतामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि यस सम्झौताबमोजिम ...........प्रदेश/........... पालिकाले कार्यान्वयन गर्नु पर्ने कुनै कामका सम्बन्धमा ...........प्रदेश/........... पालिकाबाट कुनै त्रुटि भएमा वा नेपाल सरकारले सहायक ऋणको सम्पूर्ण रकम तुरुन्त भुक्तानी गर्न माग गरेमा त्यस समयसम्म

...........प्रदेश/........... पालिकाले प्राप्त गरिसकेको र नेपाल सरकारलाई तिर्न बाँकी रहेको ऋणको साँवा र ब्याज रकम तत्काल भुक्तानी योग्य भनी नेपाल सरकारले घोषणा गर्न सक्नेछ। यसरी घोषणा गरिएमा ........... प्रदेश/........... पालिकाले त्यस्तो रकम नेपाल सरकारलाई तुरुन्त भुक्तानी गर्नु पर्नेछ।

धारा ३

<u>अधिकार प्रत्यायोजन तथा ...........प्रदेश/........... पालिकाको विशेष दायित्व</u>

३.०१ नेपाल सरकारले यस सम्झौताबमोजिम उपलब्ध गराउने सहायक ऋणका सम्बन्धमा आफ्नो तर्फबाट गर्नु पर्ने पत्राचार तथा अन्य आवश्यक काम कारबाही गर्नका लागि ........... प्रदेश/........... पालिका ..................... लाई यसै सम्झौताद्वारा आवश्यक अधिकार प्रत्यायोजन गरेको छ।

तर, यस सम्झौताको धारा ४.०१ मा उल्लिखित कुनै अवस्था उत्पन्न भएमा नेपाल सरकारले ........... प्रदेश/.......... पालिकालाई प्रदान गरेको त्यस्तो अधिकार रद्द गर्न सक्नेछ।

३.०२ मूल सम्झौताको अधीनमा रही ...........प्रदेश/........... पालिकाले आयोजनाको निर्माण तथा सञ्चालन गर्नेछ र सो सम्झौतामा उल्लिखित प्रत्यक्ष वा अप्रत्यक्ष दायित्व पनि ...........प्रदेश/........... पालिकाले पूरा गर्नेछ।

३.०३ मूल सम्झौताअन्तर्गतको आर्थिक सहयोगको उद्देश्य प्राप्ति र दायित्व पूरा गर्न ...........प्रदेश/........... पालिकाले नेपाल सरकारलाई आवश्यक सहयोग गर्नेछ।

३.०४ ...........प्रदेश/........... पालिकाले आयोजनाको सम्बन्धमा ..................(विकास साझेदार) सँग आदान प्रदान गर्ने सबै कागजात र लिखतको एक प्रति नेपाल सरकारलाई अनिवार्य रूपमा उपलब्ध गराउनेछ।

३.०५ मूल सम्झौताको अधीनमा रही ........... प्रदेश/................. पालिकाले आयोजनाका सम्बन्धमा गर्ने खर्चको हिसाब किताबको लेखा स्वीकृत लेखामान अनुरूप राख्नेछ र सोको लेखापरीक्षण वार्षिक रूपमा गराई लेखापरीक्षण प्रतिवेदन नेपाल सरकार र ..................(विकास साझेदार) लाई अनिवार्य रूपमा उपलब्ध गराउनेछ।

धारा ४

<u>नेपाल सरकारको अधिकार र दायित्व</u>

४.०१ यस सम्झौतामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि नेपाल सरकारले यस सम्झौताबमोजिम ...........प्रदेश/........... पालिकालाई उपलब्ध गराउने सहायक ऋण रकम देहायको कुनै अवस्था सिर्जना भएमा निलम्बन वा अन्त्य गर्न सक्नेछ :-

(क) आयोजना कार्यान्वयन गर्दा ........... प्रदेश/........... पालिकाले पालना गर्नुपर्ने शर्तहरू पालना नगरेको भनी ............... (विकास साझेदार) ले सूचना गरेमा वा नेपाल सरकारलाई त्यस्तो जानकारी हुन आएमा,

(ख) मूल सम्झौताबमोजिमको रकम उपयोग गर्ने नेपाल सरकारको अधिकार कुनै कारणवस निलम्बित वा अन्त्य भएमा, वा

(ग) यस सम्झौताबमोजिम ...........प्रदेश/........... पालिकाले पूरा गर्नु पर्ने कुनै काम वा शर्तहरू पूरा नगरेमा।

४.०२ यस सम्झौताबमोजिम नेपाल सरकारलाई प्राप्त हक, अधिकार वा दायित्वको प्रयोग गर्न ढिलाई भएको वा छुट्न गएकोमा सोही कारणले मात्र त्यस्तो हक, अधिकार वा दायित्व प्रयोग गर्न बाधा पुगेको वा त्यसलाई त्यागिएको वा त्यसमा मौन स्वीकृति जनाइएको मानिने छैन र कुनै त्रुटिका कारणले मात्र नेपाल सरकारको कुनै हक, अधिकार वा दायित्वमा बाधा पुगेको मानिने छैन।

४.०३ यस सम्झौतामा उल्लिखित कुनै पनि कुराले प्रचलित कानुनबमोजिम नेपाल सरकारलाई प्राप्त कुनै पनि हक अधिकारमा रोक लगाएको मानिने छैन।

धारा ५

<u>सम्झौताको प्रारम्भ तथा अन्त्य</u>

५.०१ मूल सम्झौता लागू भएको मितिदेखि नै यो सम्झौता पनि लागू भएको मानिनेछ।

५.०२ नेपाल सरकार र ...........प्रदेश/........... पालिकाबीच अन्यथा सम्झौता भएकोमा बाहेक देहायको अवस्थामा यस सम्झौताको अन्त्य र यस सम्झौताबमोजिमका दायित्वहरू पूरा भएको मानिनेछ :-

(क) यस सम्झौताबमोजिम उपलब्ध सहायक ऋण र सोको ब्याज तथा अन्य दस्तूरसमेत सम्पूर्ण रकम ...........प्रदेश/........... पालिकाले नेपाल सरकारलाई चुक्ता गरेमा, र

(ख) यस सम्झौताअन्तर्गत ..................... प्रदेश/ ......... ........... पालिकाले पूरा गर्नु पर्ने सम्पूर्ण दायित्वहरू पूरा गरेमा।

धारा ६

<u>विविध</u>

६.०१ यस सम्झौताबमोजिम नेपाल सरकार र ........... प्रदेश/........... पालिकाबीच आदान प्रदान हुने कुनै पनि सूचना, अनुरोध पत्र आदि लिखित रूपमा हुनेछन्। त्यस्तो सूचना तथा अनुरोध पत्र दिनु पर्नेलाई वा दिनु पर्ने भनिएकोलाई निम्नबमोजिमको ठेगाना वा पूर्व सूचनाद्वारा तोकिएको अन्य ठेगानामा दिइएमा वा पठाइएमा रीतपूर्वक दिइएको वा पठाइएको मानिनेछ।

| <u>नेपाल सरकारको निमित्त</u> | <u>..........प्रदेश/...... पालिकाको निमित्त</u> |
| --- | --- |
| ............................, | ............................, |
| ............................, | ............................, |
| सिंहदरबार, काठमाडौं । | ................................. |

६.०२ मूल सम्झौतामा भएका संशोधनहरू यस सम्झौताको हकमा पनि तत्काल लागू हुनेछन्।

६.०३ यस सम्झौताको संशोधन, व्याख्या तथा कार्यान्वियन मूल सम्झौताको अधीनमा रही गरिनेछ।

संवत् २०.....साल ..........महिना ...........गते ............... वारका दिन निम्न साक्षीहरूको रोहबरमा अर्थ मन्त्रालय, सिंहदरबार, काठमाडौंमा दुवै पक्षका अधिकारप्राप्त प्रतिनिधिहरूद्वारा यस सहायक ऋण सम्झौताको सक्कल दुई /दुई प्रतिमा हस्ताक्षर भयो।

| नेपाल सरकारको तर्फबाट | ........प्रदेश/........ पालिकाको तर्फबाट |
| --- | --- |
| (..........................) | (...........................) |
| अर्थ मन्त्रालय | ................................. |
| साक्षी | साक्षी |
| १.................................. | १.................................. |
| अर्थ मन्त्रालय | ....................................... |
| २. ........................... | २. ........................... |

अनुसुची–१

(धारा २.०५ सँग सम्बन्धित)

..............................

....................................प्रदेश/................................ पालिका

ऋण भुक्तानी तालिका

ऋण रकम : ................................................

व्याज दर : ग्रेस अवधिभर ............% र सो पश्चात् .............%

भुक्तानी अवधि : ........... वर्ष ग्रेस अवधिसहित ............ वर्ष।

भुक्तानी पद्धति : समान अर्ध वार्षिक ऋण सेवा

भुक्तानी शुरु गर्ने मिति : ..............................

| क.सं. | भुक्तानी मिति | साँवा किस्ता (..........मुद्रा) |
|---|---|---|
| | | |
| | | |
| | | |
| | | |